# DeKalb काउन्टी स्कूल डिस्ट्रिक्ट
# लटरीको रकम प्रि-किन्डरगार्टनलाई अनुदान गरियो
# प्राय: सोधिने प्रश्नहरू

<u>प्रि-लटरी</u>

प्रि-किन्डरगार्टन स्कूलमा भर्ना हुन विद्यार्थीको उमेर कति हुनुपर्छ?

निम्न मितिमा जम्मिएका बच्चाहरू 2020- 2021 शैक्षिक वर्षका लागि योग्य हुनेछन्ः सेप्टेम्बर 2, 2015- सेप्टेम्बर 1, 2016

मेरो बच्चा DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टको उपस्थिति क्षेत्रभन्दा बाहिर बस्छ भने, के ऊ/उनी प्रि-किन्डरगार्टन कार्यक्रममा सहभागी हुन योग्य छ?

तपाईंको घरको ठेगाना DeKalb काउन्टी स्कूल डिस्ट्रिक्टको क्षेत्रभित्र पर्दैन भने, तपाईंको बच्चा सहभागिताका लागि योग्य हुनेछैन। तपाईं आफ्नो ठेगाना DCSD को क्षेत्रभित्र पर्छ वा पर्दै भनेर अनिश्चित हुनुहुन्छ भने, http://www.dekalbschoolsga.net/operations/school-locator/ यस लिंकमा गइ जाँच गर्नुहोस।

के मैले एकभन्दा बढी स्कूलमा आवेदन दिन सक्छु?

तपाईं या त थिम स्कूल ( लागू हुने भएमा) वा तपाईंको होम स्कूलमा दर्ता गर्न सक्नुहुन्छ। तपाईंले थिम स्कूलमा दर्ता गर्ने रोज्नुभयो तर छनौट हुनुभएन भने, तपाईंलाई स्वतः प्रतीक्षा सूचीमा राखिनेछ। स्कूलको पहिलो हप्तापछि, तपाईंको होम स्कूलमा कोठा भएमा, तपाईंलाई तपाईंको होम स्कूलमा सिट दर्ता गर्न स्वागत गरिन्छ।

मेरो बच्चा किन्डरगार्टनको लागि योग्य छ तर प्रि-किन्डरगार्टन रकम हस्तान्तरण कार्यक्रममा सहभागी भएन भने के उनीहरू अझै प्रि-किन्डरगार्टनमा भर्ना हुन योग्य हुनेछन्?

शैक्षिक वर्ष 2020-2021 मा प्रि-किन्डरगार्टन तहमा भर्ना हुन योग्य ठहर हुनका लागि तपाईंको बच्चासँग एउटा व्यक्तिगत शैक्षिक योजना (IEP) हुनुपर्छ जसले उनीहरूलाई समावेशी (दुईजना शिक्षकले पढाउने) प्रि-किन्डरगार्टन कक्षाकोठामा किन्डरगार्टन शिक्षा पूरा गर्नुपर्ने आवश्यकता जनाउँछ।

प्रि-किन्डरगार्टनमा भर्ना हुन मेरो बच्चाले शौचालय तालिम प्राप्त गरेको हुनुपर्छ?

हामी तपाईंको बच्चा आफ्नो हेरचाहमा आत्मनिर्भर होस् भन्ने चाहन्छौँ जस्तै; कपडा लगाउने, फुकाल्ने, र शौचालय जाने। प्रि-किन्डरगार्टनमा भर्ना गर्नु अघि बालबालिकाहरूले शौचालय तालिम प्राप्त गरेको हुनुपर्छ। बच्चालाई चोटपटक लाग्दा र बच्चाको बानीमा सुधार ल्याउन उनीहरूको अभिभावकहरू स्कूलमा उपस्थित हुनुपर्नेछ। विद्यार्थीहरूको व्यक्तिगत शैक्षिक योजना वा 504 योजनामा स्पष्ट रूपमा उल्लेख गरिएको र बच्चा सहयोगमूलक कक्षामा सहभागी भएको अवस्थामा बाहेक विद्यार्थीले विद्यालयमा पुल-अप लुगाहरू लगाउन पाउने छैनन्, ताकि उसले/उनले विशेष आवश्यकता सम्बन्धी शिक्षक/सहायकको सहायता प्राप्त गर्न सकून्।

DCSD को कर्मचारीको हैसियतले के मैले प्रि-किन्डरगार्टनमा स्वतः भर्ना हुने सुविधा प्राप्त गर्छु?

माफ गर्नुहोस्। तपाईं DCSD को कर्मचारी हुनु भए तापनि, तपाईंले सबै व्यक्तिहरू जस्तै लटरीको प्रक्रिया मार्फत भर्ना हुनुपर्छ। तथापि, कर्मचारीहरूले प्रि-किन्डरगार्टनमा दाखिल हुनु अघि विशेष नियमहरू पालना गर्नु आवश्यक छ। कृपया *DeKalb* प्रि-किन्डरगार्टन लटरीमा कर्मचारी सहभागिता नोटसम्बन्धी जानकारीका लागि तपाईंको स्कूलको प्रधानध्यापकलाई वा प्रारम्भिक बाल कार्यालयमा सम्पर्क गर्नुहोस्।

मेरो बच्चा व्यक्तिगत शैक्षिक योजनामा सहभागी भए तापनि DCSD मा भर्ना भएको छैन। बालबालिका लटरीमा छानिए भने के तिनीहरू मेरो होम स्कूलमा बस्ने छन्?

व्यक्तिगत शैक्षिक योजनामा सहभागी भएको आवेदकलाई Bright from the Start (BFTS) प्रि-किन्डरगार्टन स्कूलको नियमित शिक्षाको कक्षाकोठामा उपस्थित हुन छनौट गरिएमा, विद्यार्थीको व्यक्तिगत आवश्यकताहरूका आधारमा आवेदकलाई BFTS समावेशी कक्षाकोठामा स्थानान्तरण गर्ने सम्भावना हुन्छ। सुझाव: थिम स्कूलमा होम BFTS समावेशी कक्षाकोठाहरू हुँदैन

मेरो 3 वर्ष उमेरको बच्चा व्यक्तिगत शैक्षिक योजनामा अवस्थित छर *DDSD* विशिष्ट आवश्यक कक्षाहरूमा पहिले नै भर्ना भइसकेको छ, के मैले प्रि- किन्डरगार्टनमा दर्ता गराउनु पर्छ?

पर्दैन। तपाईंको बच्चा व्यक्तिगत शैक्षिक योजनामा अवस्थित छ र हाल 3 वर्षको बालाबालिका राख्ने कक्षाकोठामा पढिरहेको छ भने व्यक्तिगत शैक्षिक योजना(IEP) को आवश्यकताको आधारमा उनीहरूलाई प्रि-किन्डरगार्टन कक्षामा भर्ना गराइनेछ।

प्रि-किन्डरगार्टन लटरीमा आवेदन दिन विद्यार्थीको कुन कुन कागजातहरूको आवश्यकता पर्दछ?

जन्म दर्ता, अभिभावकको कानुनी प्रमाण, (अभिभावकको नाम जन्म दर्तामा नभएमा), आमाबुबा/अभिभावकको प्रमाणित परियपत्र, र बासस्थानको प्रमाण। पेश गर्नुपर्ने सबै आवश्यक कागजातहरूको सूचीका साथै विस्तृत जानकारीका लागि "लटरी प्रक्रिया" ट्याब गरी निम्न लिंकमा प्राप्त गर्न सकिन्छhttps://www.dekalbschoolsga.org/pre-k/

<u>पोस्ट-लटरी</u>

मेरो बच्चा लोटरिमा छनौट भएको छ, यस पश्चातका मैले के गर्नुपर्छ?

तपाईंको अर्को चरण भनेको सिटलाई स्वीकार गर्दै, तपाईंले प्राप्त गर्नुभएको पत्र सहित दर्ता गर्न चाहिने बाँकी कागजातहरू लिइ दर्ता प्रक्रिया पूरा गर्न तोकिएको मितिमा आफ्नो स्कूल जानुहोस्। निर्धारित समय सीमाभित्र यस चरणलाई पूरा गर्नुपर्ने हुँदा यो चरण कठिन छ वा तपाईंले आफ्नो सिट प्रतीक्षा सूचीमा रहेको अन्य व्यक्तिका लागि गुमाउने जोखिम उठाउनु हुन्छ।

मेरो बच्चा लटरीमा छनौट भएन भने के हुन्छ?

लटरीमा छनौट नभएका जो कोहि विद्यार्थीहरू स्वतः प्रतीक्षा सूचीमा स्थानान्तरण हुन्छन्। यस प्रणालीमा छनौट नभएका विद्यार्थीहरूलाई संख्यात्मक आधारमा प्रतीक्षा सूचीमा राखिन्छ र अभिभावकहरूलाई उनीहरूको बालबालिकाको प्रतीक्षा सूचीको स्थानबारे सूचना दिन पत्र पठाइन्छ। सिटहरूका लागि दिइएको आवेदन अस्वीकृत भएपछि वा सिट जफत भएपछि, प्रणालीले प्रतीक्षा सूचीमा रहेका अर्को व्यक्तिलाई स्वीकृती पत्र पठाउनेछ। त्यस्तो समयमा, तपाईंले आफ्नो लटरी सिटलाई सुरक्षित राख्न अर्को चरण पूरा गर्नुपर्ने हुन्छ।

स्वीकृती पत्रमा तोकिएको दर्ता मिति अनुसार मैले स्वास्थ्य खोप फारम 3231 पेश गर्न सकिन भने के हुन्छ?

DCSD का अनुसार, स्कूल सुरु भएको 30 दिनभित्र वा फारम बुझाउने अन्तिम मितिसम्ममा फाइलमा बच्चासँग उनीहरूको स्वास्थ्य खोप फारम 3231 हुनुपर्दछ। यी कागजातहरू बुझाइएन भने, तपाईंको बच्चा अपोइन्टमेन्टको फारम वा प्रमाण बिना कक्षामा आउन पाउने छैन। अपोइन्टमेन्ट पछि नयाँ फारम बिना बच्चा स्कूल आउन पाउने छैन। यो फारम पेश नगरेको कारणले बच्चा 10 दिनसम्म लगातार अनुपस्थित भएमा बच्चाको प्रि-किन्डरगार्टनको सिट जफत गरिनेछ।

स्वीकृति पत्रमा तोकिएको दर्ता मितिमा मैले श्रवण, दृष्टि, दन्त र पोषण परीक्षणको फारम 3300 पेश गर्न सकिन भने के हुन्छ?

DCSD को नियमअनुसार, स्कूल सुरु भएको 90 दिनभित्र वा दर्ताको अन्तिम मितिभित्र फाइलमा बच्चाको स्वास्थ्य खोप फारम 3231 हुनुपर्दछ। फारम पेश नगरिएमा, बच्चा कक्षामा उपस्थित हुन पाउने छैन जसबाट बालबालिकाले यस कार्यक्रममा आफ्नो स्थान गुमाउन सक्छन्।

मेरो बच्चाले दिउँसोको समयमा चिकित्सकले सिफारिस गरेको औषधि सेवन गर्नुपरेमा के गर्न सकिन्छ?

तपाईंको बच्चालाई प्रि-किन्डरगार्टनको सिटमा दर्ता गर्ने क्रममा, आफ्नो साथमा बच्चाको मेडिकल जानकारी ल्याउने निश्चित गर्नुहोस्। तपाईंको बच्चाको मेडिकल फारमसम्बन्धी र चिकित्सकले सिफारिस गरेको औषधी सेवन गर्ने तरिकाबारे कुरा गर्न स्कुलमा एकजना व्यक्ति हुनेछ।

मेरो बच्चा स्कूलको पहिलो दिनमा उपस्थित भएन भने के हुन्छ?

स्कूलको पहिलो दिनमा लोटरीमा छनौट भएका सबै विद्यार्थीहरूको उपस्थितिको आशा राखिन्छ र यस दिनलाई महत्व दिन आग्रह गरिन्छ। तपाईंको बच्चाले स्कूलको पहिलो दिन बिहान 10:00 बजेभित्र उपस्थित नभएमा, तपाईंको बच्चाले सिट जफत गरिनेछ र उक्त सिट प्रतीक्षा सूचीमा रहेका अर्को व्यक्तिलाई दिइन्छ।

प्रि-किन्डरगार्टनका विद्यार्थीहरूका लागि उपस्थितिसम्बन्धी नियमहरू छन्?

हो, विद्यार्थीहरू पूरा शैक्षिक वर्षको समयमा शिक्षणको सम्पूर्ण दिनहरू उपस्थित हुन्छन् भन्ने आशा राखिएको छ। कक्षामा उपस्थित नहुने वा मेडिकल कारण बिना दस दिनसम्म लगातार ढिला उपस्थित हुने बालबालिकालाई, नियममा बताएअनुसार कक्षाबाट निकाल्नु पर्नेछ। यस बाहेक, विद्यार्थीहरू जो धेरैपटक ढिला पुग्ने वा छिटो फर्कने गरेको देखिन्छ त्यस्ता विद्यार्थीहरूको सिट जफत हुने खतरा हुनसक्छ र त्यस्ता विद्यार्थीहरूलाई सल्लाहकार र/ वा सामाजिक कार्यकर्तालाई सुम्पिइन्छ।

प्रि-किन्डरगार्टनका विद्यार्थीका अभिभावकहरू हुनैपर्ने कुनै सहभागिता छ?

हो, अभिभावकहरू सबै निर्धारित अभिभावक बैठकमा सहभागी हुने र सम्मेलनमा वर्षमा दुई पटक वा आवश्यक भएमा सोभन्दा बढी सहभागी हुने आशा रखिन्छ। (यी कार्यक्रमहरू सकिन लगभग एक घण्टा लाग्छ)

मसँग FAQ मा सम्बोधन नगरिएको प्रश्न छ भने मैले कहाँ सम्पर्क गर्न सक्छु?

तपाईंसँग प्रश्न भएमा प्रारम्भिक बाल कार्यलयको फोन नम्बर @ 678.676.0147 मा सम्पर्क गर्न नहिचकिचाउनुहोस्।